कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

प.सं. २०८२/८३
च नं.

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक)कार्यक्रम माग गर्ने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८२।०६।३०
दरखास्त दिने अन्तिम मिति २०८२।०७।२८

यस विज्ञ केन्द्रको आ व २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रम तर्फ तपशिल बमोजिमका ब्लक विकास कार्यक्रम संचालनका लागि धनकुटा जिल्लामा क्षेत्र निर्धारण गर्नु पर्ने भएको हुदा परियोजना कार्यन्वयन म्यानुअल, २०७७ संशोधित २०८१ ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदार गर्न ईच्छुक आवेदकहरुबाट अनुसूची ६ बमोजिम आवेदन साथ अनुसूची ७ अनुसारको आधारभुत तथ्याक फारम भरी यो सुचना प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्रमा आवेदन दर्ता गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु क्षेत्र निर्धारणका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ । थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनकुटाको फोन न ०२६-५२२२८० र सम्पर्क व्यक्ति डा. हुम नाथ पाण्डेको मो.न. ९८६७२१२४१२ मा सम्पर्क गर्नु हुन वा साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेवसाइड, हालको राष्ट्रिय एकीकृत कृषि आधुनिकिकरण कार्यक्रमको वेवसाइड www.pmamp.gov.np बाट परियोजना कार्यान्वयन म्यानुअल, २०७७ संशोधित २०८१ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

### धनकुटा जिल्लामा संचालन गरिने कार्यक्रम

| क स | कार्यक्रमको नाम | ईकाइ | परिमाण | अधिकतम साझेदारी रकम रु. | प्रति ब्लकको लागि आवश्यक बाखा संख्या | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश भित्र रहेका जिल्लाका प्राथमिकता प्राप्त (बाखा) नयाँ ब्लक विकास कार्यक्रम | संख्या | १ | २०,०००००। (बीस लाख) | ५००० | कलस्टर वा एउटै कोरिडोरमा तोकिएको बाखा संख्या भएको वा हुन सक्ने क्षेत्र अन्तर्गतका:<br>१. कृषि/पशु सहकारी संस्थाहरु<br>२. कृषक समुह/ समिति<br>३. प्रचलित कानुन बमोजिम दर्ता भएका व्यावसायिक फार्म/कम्पनी |

सूचना अधिकारी / कार्यालय प्रमुख

फोन नं. ०२६-५२२२८०
इमेलः vhlsdhankuta@gmail.com
Website: vhlecdhankuta.p1.gov.np

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
धनकुटा

प.सं. २०८२/८३
च नं.

## आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु

१ अनुसुची ६ बमोजिमको ढाँचामा आवेदन पत्र ।

२ अनुसुची ७ बमोजिमको आधारभुत तथ्याक फारम ।

३ आवेदन दस्तुर रु २०० ।

४ अध्यक्ष वा प्रोपाइटरको नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी ।

५ प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/ फार्म /व्यवसाय दर्ता /नविकरण र पान भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

६ समुह /समिति /सहकारीको कार्य समितिको निर्णयको प्रतिलिपी साथै संचालक समितिका पदाधिकारीको नागरिताको प्रतिलिपी ।

७ अघिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

८ स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र ।

निमित्त कार्यालय प्रमुख

फोन नं. ०२६-५२२२८०
इमेलः vhlsdhankuta@gmail.com
Website: vhlecdhankuta.p1.gov.np